# दाइजो दुरुपयोग

## दाइजोसँग सम्बन्धित हिंसा वा उत्पीडन घरेलु वा पारिवारिक हिंसाको एक रूप हो।

दाइजो प्रथा विभिन्न देश तथा संस्कृतिहरूमा फरक हुन सक्छन्।

'दाइजो' एक रकम, सम्पत्ति वा उपहारसँग सम्बन्धित अभ्यास हो जुन प्रायः महिलाको परिवारबाट उनको पतिलाई विवाहमा हस्तान्तरण गरिन्छ। दाइजो प्रयोग गर्नु आफैमा दुरुपयोगको रूप होइन।

विवाहअघि पछिको कुनै पनि समय, जस्तै विवाहअघि, विवाहको समयमा वा विवाहपछि, दाइजो दिने वा लिनेसम्बन्धमा दवाब अर्थात विवश गराउने, हिंसा वा उत्पीडनसँग सम्बन्धित कुनै पनि कार्य दुरुपयोग हो। दाइजोसँग सम्बन्धित दुरुपयोग अन्तर्गत सामान्यतयाः महिला तथा उनको परिवारमाथि दाइजो नदिइएका दावीहरू तथा थप रकम वा उपहारका लागि दवाबपूर्ण मागहरू पर्छन्।

घरेलु तथा पारिवारिक हिंसा अष्ट्रेलियामा गैरकानुनी हुन्छ। यस्तो अपराध गर्ने व्यक्ति जेल जान सक्छन् , चाहे ती पुरुष हुन् वा महिला।

यदि तपाईं वा तपाईंले चिनेको मान्छे खतरामा भएको थाहा छ भने प्रहरीलाई **000** मा सम्पर्क गर्नुहोस्।

अष्ट्रेलियामा प्रहरीले सुरक्षा गर्छ र भरोसा गर्न सकिन्छ।

निःशुल्क, गोप्य परामर्श तथा जानकारीका लागि **1800 737 732** मा 1800RESPECT लाई फोन गर्नुहोस्।

यदि तपाईंलाई निःशुल्क दोभाषेको आवश्यकता छ भने, **131 450** मा फोन गर्नुहोस्।

## अष्ट्रेलियन सरकार (Australian Government) ले दाइजोसँग सम्बन्धित हिंसा वा उत्पीडनलाई कुनै पनि हालतमा सहँदैन।

Australian Government ले दाइजोसँग सम्बन्धित हिंसा तथा उत्पीडनलगायतका पारिवारिक हिंसाको समस्यालाई निकै गम्भीरतापूर्वक लिन्छ। सबै अष्ट्रेलियाबासीहरूको बिना हिंसा, त्रास वा दवाब बाँच्न पाउने अधिकार छ, उनीहरूको धार्मिक तथा सांस्कृतिक अभ्यास तथा आस्था जे भए पनि।

दाइजोसँग सम्बन्धित हिंसा तथा उत्पीडन अन्तर्गत दम्पति वा उनीहरूको परिवारलाई उनीहरूको सुरक्षाको धम्की वा डर देखाएर उनीहरूलाई नियन्त्रण गर्ने उद्देश्यले गरिने व्यवहार वा धम्की पर्छन्।

## यदि तपाईं भिसामा हुनुहुन्छ भने पनि तपाईले मद्दत प्राप्त गर्न सक्नुहुन्छ।

तपाईंको जोडी अर्थात पार्टनर, पारिवारिक सदस्यहरू वा समुदायका कुनै पनि मानिसले तपाईंको भिसाको अवस्थालाई जोखिममा पार्न सक्दैनन्।

यदि तपाईं अस्थायी पार्टनर भिसा (उपवर्ग 309 वा 820) वा सम्भावित विवाह भिसा (उपवर्ग 300) मा हुनुहुन्छ र उहाँले दाइजोसँग सम्बन्धित पारिवारिक हिंसाको अनुभव गरिरहनुभएको छ भने, अष्ट्रेलियाको आप्रवासी कानुनमा तपाईंलाई स्थायी पार्टनर भिसा (उपवर्ग 100 वा 801) को आवेदनलाई अघि बढाउन दिने पारिवारिक हिंसासम्बन्धि व्यवस्थाहरू छन्।

## कसैलाई विवाहका लागि बाध्य बनाउन दाइजोको प्रयोग गर्न सकिँदैन।

कुनै पनि व्यक्तिलाई उसको पूर्ण तथा स्वतन्त्र मञ्जुरीबिना विवाह गर्नका लागि बाध्य बनाउन दाइजोको प्रयोग गरिन्छ भने यसलाई जबरजस्ती विवाह मानिन्छ ।

अष्ट्रेलियामा सबैलाई कोसँग र कहिले विवाह गर्ने वा नगर्ने भनी रोज्न पाउने स्वतन्त्रता छ। कसैलाई बाध्य बनाएर, धम्क्याएर वा जालझेल गरेर विवाह गर्नु वा गराउनु अष्ट्रेलियाको कानुनविरुद्ध हुन्छ। जबरजस्ती विवाहका लागि मनाउने वा त्यस्तो गर्न सहयोग गर्ने र आफू पीडित नभए पनि त्यस्तो जबरजस्ती विवाहमा सम्बन्धित कुनै भुमिका हुनु पनि कानुनविरुद्ध हुन्छ। यो कानुनी, सांस्कृतिक वा धार्मिक विवाहहरूमा लागू हुन्छ।

## अष्ट्रेलियामा सहयोग गर्न सक्ने सांस्कृतिक संवेदनशील सेवाहरू उपलब्ध छन्।

**1800RESPECT** अष्ट्रेलियाको राष्ट्रिय लैंगिक हिंसा, परिवार तथा घरेलु हिंसाको परामर्श सेवा हो। यसले निःशुल्क, गोप्य टेलिफोन तथा अनलाइन परामर्श तथा जानकारी प्रदान गर्छ। परामर्शदाताहरूले तपाईंका कुराहरू सुन्नेछन्, प्रश्नहरूका उत्तर दिनेछन् र तपाईंको स्थानीय क्षेत्रमा रहेका अन्य सहायता सेवाहरूमा सिफारिश गर्नेछन्।

**1800 737 732** मा फोन गर्नुहोस् वा **1800RESPECT को वेबसाइट www.1800RESPECT.org.au** मा जानुहोस्।

मेरो नीलो आकाश (**My Blue Sky**) अष्ट्रेलियाको राष्ट्रिय वेबसाइट तथा हेल्पलाइन हो जुन जबरजस्ती विवाहको रोकावट , जानकारी, सिफारिश तथा निःशुल्क कानुनी सुझावका लागि समर्पित छ।

**(02) 9514 8115** मा फोन गर्नुहोस्, **0481 070 844** मा पाठ्य सन्देश (text) पठाउनुहोस्, **help@mybluesky.org.au** मा इमेल गर्नुहोस्, वा **My Blue Sky को वेबसाइट www.mybluesky.org.au** मा जानुहोस्।

परिवार हिंसा तथा भिसा, जबरजस्ती विवाह तथा मानव तस्कारीका बारेमा थप जानकारी गृह मामला विभाग (**Department of Home Affairs**) को वेबसाइट **www.homeaffairs.gov.au** मा पाइन्छ र त्यहाँ “फोर्स म्यारिज” (“forced marriage”) शब्दहरू राखेर खोज्नुहोस्।

## तपाईंलाई दोभाषे चाहिन्छ?

अनुवाद तथा दोभाषे सेवा (**Translating and Interpreting Service** (TIS)) लाई **131 450** मा फोन गर्नुहोस्। TIS को कुनै दोभाषेले अन्य सेवाहरूसँग कुरा गर्न तपाईंलाई मद्दत गर्न सक्छन्, तथापि TIS ले परामर्श प्रदान गर्दैन। सबै फोन कलहरू निःशुल्क तथा गोप्य हुन्छन्।